# अर्ध-वार्षिक (२०८२ श्रावण देखि पौषसम्मको) उपलब्धिको संक्षिप्त सार

चालु आर्थिक वर्ष २०८२।०८३ को अर्धवार्षिक अवधिमा पनौती नगरपालिकाले १७ औं नगर सभाबाट पारित गरेको नीति।कार्यक्रम तथा बजेट कार्यान्वयनका क्रममा सुशासन, पूर्वाधार विकास, सेवा प्रवाह, संस्थागत सुदृढीकरण र विपद् व्यवस्थापनका क्षेत्रमा उल्लेखनीय उपलब्धी हासिल गरेको छ ।

## १. क्षेत्रगत उपलब्धी विवरण

### १.१ आर्थिक विकास क्षेत्र

- आकस्मिक रोग नियन्त्रण तथा माटो सुधार कार्यक्रम मार्फत ३५० कृषक परिवार लाभान्वित भएका छन् ।
- ३ हजार ३० गाई र ४ सय २१ भैसीं गरी कुल ३ हजार ४ सय ५१ चौपायामा कृत्रिम गर्भाधान सेवा सम्पन्न गरिएको छ ।
- भैसी सुत्केरी भत्ता वितरण कार्यक्रम अन्तर्गत ९५ गोटा भैसी पालक कृषकहरुलाई अनुदान वितरण गरिएको छ ।

### १.२ सामाजिक विकास क्षेत्र

#### (क) शिक्षा

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनमा ल्याईएको छ ।
- शैक्षिक गुणस्तर सुधारको लागि शिक्षकहरुको क्षमता विकासको कार्यक्रम सञ्चालन गरिएको छ ।
- सामुदायिक विध्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग गरिएको छ । विध्यालयको लागि आवश्यक सामग्रीहरु वितरण गरिएको छ ।
- सामुदायिक विध्यालय र संस्थागत विध्यालयमा अध्ययनरत छात्राहरुको लागि सेनिटरी प्याड उपलब्ध गराईएको छ ।

#### (ख) स्वास्थ्य

- नगरबासीहरुको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न पनौती नगर अस्पताल संचालनको लागि आवश्यक जनशक्ति पदपूर्ति प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।



CamScanner

- निःशुल्क स्वास्थ्य शिविर संचालन गरी ५८ जना नागरिकहरुको मोतिबिन्दुको शल्यक्रिया सम्पन्न भएको छ ।
- पनौती आँखा उपचार क्लिनिक बाट ५५२ जनालाई निशुल्क आँखा उपचार सेवा प्रदान गरिएको छ ।
- मातृ तथा नवजात शिशु मृत्युदर र घरमा हुने सुत्केरी दर शुन्य कायम गरीएको छ ।
- ४७ जना कडा रोग लागेका बिरामीहरुलाई आर्थिक सहायतास्वरुप प्रतिव्यक्ति रु. १०,००० उपलब्ध गराइएको छ ।
- मेयर दन्त उपचार कार्यक्रम अन्तर्गत १५० जना जेष्ठ नागरिकहरुलाई दन्त सेवा उपलब्ध गराउने प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

**(ग) सामाजिक समावेशीकरण**

- मानव वेचविखन तथा ओसार पसार विरुद्द अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ । यसले सामाजिकरुपमा पछि परेका महिलाहरुमा सचेतना अभिवृद्दि गरेको छ ।
- महिला तथा बालबालिकामाथि हुने हिंसा, शोषण र दुर्व्यवहार विरुद्द अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।
- पनौती नगरपालिकाका सम्पूर्ण वडाहरुमा राष्ट्रिय परिचय पत्र दर्ता शिविर संचालन गरिएको छ । जसबाट विशेषगरी नगरवासी जेष्ठ नागरिकका साथै सम्पूर्ण नागरिकहरु लाभान्वित भएका छन् ।

**१.३ पूर्वाधार विकास क्षेत्र**

- चालु आर्थिक वर्षमा पूर्वाधार विकास तर्फ ५ सय २३ योजना रहेकोमा ३ सय १८ योजना सम्झौता भईसकेको छ । नगरस्तरीय तथा वडा स्तरीय सडक निर्माण/मर्मतको लागि ६१ करोड ६९ लाखको २ सय ३४ योजना ठेक्कामार्फत कार्यान्वयनको लागि सम्झौता भएको र ३ करोड ३६ लाखको ८४ योजना उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने गरी सम्झौता गरिएको छ । हालसम्म ४८ योजना कार्यसम्पन्न भइसकेको र अन्य कार्यान्वयनको चरणमा रहेको छ ।

**१.४ सुशासन तथा संस्थागत विकास**

- नागरिक वडापत्र तयार गरी सेवाग्राहीमैत्री, पारदर्शी, जवाफदेही र प्रभावकारी सार्वजनिक सेवा प्रदान गरिएको छ ।

CamScanner

- सेवाग्राही सन्तुष्टि सर्वेक्षणको माध्यमबाट सेवा सुधार गर्दै नागरिकमैत्री, प्रभावकारी र उत्तरदायी सार्वजनिक सेवा सुनिश्चित गर्न सुरु गरिएको छ ।
- कार्यपालिकाको हरेक बैठकमा अघिल्ला बैठकका निर्णयहरुको समीक्षा गर्ने गरिएको छ । यसले निर्णयहरू कागजमै सीमित नरही प्रभावकारी रूपमा कार्यान्वयन भई सुशासन, उत्तरदायित्व र सेवा प्रभावकारिता अभिवृद्धिमा सहयोग पुर्याएको छ ।
- सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणको कार्यतालिका तयार भइसकेको र छिटै सम्पन्न गर्ने गरी तयारी गरिएको छ ।

**१.५ विपद् व्यवस्थापन**

## २. वित्तीय उपलब्धी

### २.१ समग्र वित्तिय उपलब्धी

| विवरण | वार्षिक लक्ष्य | अर्धवार्षिक उपलब्धी | प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय (मौज्दात समेत) | ९१ करोड ९१ लाख ४५ हजार | ३५ करोड ७० लाख | ३८.९० |
| संघीय अनुदान | ४९ करोड ७९ लाख | २४ करोड ८८ लाख | ४९.९७ |
| प्रादेशिक अनुदान | ६ करोड ४९ लाख २६ हजार | २ करोड ८१ लाख ३५ हजार | ४३.३३ |
| राजश्व बाँडफाँड संघ | २० करोड ४१ लाख ९० हजार | ६ करोड ४६ लाख | ३१.६३ |
| जनसहभागिता | ५९ लाख ५० हजार | ० | ० |
| **जम्मा बजेट** | **१ अर्ब ६९ करोड २१ लाख ११ हजार** | **६९ करोड ८५ लाख ३५ हजार** | **४०.०९** |
| चालू खर्च | ८२ करोड २६ हजार | २५ करोड २७ लाख | ३०.८२ |
| पूँजीगत खर्च | ८७ करोड २० लाख ८५ हजार | ८ करोड ३९ लाख | ९.६० |
| **कुल खर्च** | **१ अर्ब ६९ करोड २१ लाख ११ हजार** | **३३ करोड ६६ लाख** | **१९.८९** |

CamScanner

## २.२ क्षेत्रगत वितिय उपलब्धी

| क्र सं | क्षेत्रगत विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ११ करोड ६ लाख | ६३ लाख ४५ हजार | ५.७४ |
| २ | सामाजिक विकास | ६३ करोड ५१ लाख ५६ हजार | १७ करोड ८० लाख २० हजार | २८.०३ |
| ३ | पूर्वाधार विकास | ६३ करोड १६ लाख | ७ करोड ४९ लाख ११ हजार | ११.८६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४ करोड ४२ लाख ५५ हजार | ८४ लाख ६८ हजार | १९.१२ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | २७ करोड ४ लाख ३३ हजार | ७ करोड ४१ लाख ६८ हजार त् | २७.४३ |

## ३. निष्कर्ष

बाढी पहिरो र देशव्यापी जेन जी आन्दोलनको चुनौतीका बाबजुद पनि उल्लिखित उपलब्धि हासिल गर्न पनौती नगरपालिका सफल भएको छ । अर्धवार्षिक अवधिमा हासिल उपलब्धीहरूले नगरपालिकाको सेवा प्रवाह, विकास र सुशासनको दिशामा सकारात्मक प्रभाव पारेको देखिन्छ। बाँकी अवधिमा तोकिएको लक्ष्य प्राप्तिमा थप प्रयास गरिनेछ ।

धन्यवाद ।

२०८२ पौष २८ ।

CamScanner